२०८१/०३/०२

# नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यादेश, २०७९ बमोजिमको परिचय पत्रलाई परिमार्जन गर्न तयार गरिएको संशोधित प्रतिवेदन

२०८१

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-५७१९८०२, ०१-५७१९८०३
Ext. : ०१-५७९१९००, १११, ११२

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या : १-०१-२६१(०८१/०८२) च.नं.:- ४५२

प्रा.प.सं. :

मिति: २०८१।०६।०९ गते

ने.सं.: ११४४

विषय : आवश्यक कार्यार्थ।

श्री नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग,
श्री नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय।

प्रस्तुत विषयमा नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरूको परिचय पत्र वितरण सम्बन्धी कार्यादेश, २०७९ बमोजिमको परिचय पत्रलाई परिमार्जन गर्न तयार गरिएको संशोधित प्रतिवेदन श्रीमान् प्रहरी महानिरीक्षकज्यू समक्ष पेश हुँदा आवश्यक कार्यार्थ पठाउने भनी तोक आदेश भएको हुँदा सो प्रतिवेदन (सक्कल) थान -१(एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गरिएको छ।

प्रहरी वरिष्ठ उपरीक्षक
(विश्व अधिकारी)

श्रीमान प्रहरी महानिरीक्षकज्यू,
नेपाल प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाण्डौ ।

मितिः २०८१/०३/०५ गते

विषयः संशोधित प्रतिवेदन पेश गरिएको सम्बन्धमा।

उपरोक्त सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयको च.नं. १३२२, मिति २०८०/१०/२५ गतेको पत्रानुसार **"पूर्व प्रहरी कर्मचारीको परिचय - पत्र वितरण सम्बन्धी कार्यदिश, २०७९"** को अधीनमा रही अवकाश प्राप्त नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीको हैसियतमा वितरण भएका पूर्व प्रहरी कर्मचारी परिचय पत्रलाई आकर्षक, अधिकतम व्यक्तिगत सूचनायुक्त, सम्मानयुक्त एवं समायानुकूल बनाउनको लागि मुलुकभित्रका अन्य सुरक्षा निकायहरुबाट वितरित परिचयपत्रहरुका विशेषता (Features) समेतलाई गहन रुपमा अध्ययन मनन् गरी अब तयार हुने नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यदिश, २०७९ बमोजिमको परिचय पत्रलाई आवश्यक परिमार्जन गरी प्रतिवेदन पेश गर्ने कार्यार्थ गठित समितिले राय/सुझाव समावेश गरी तयार गरिएको प्रतिवेदन मिति २०८१/०१/२७ गते श्रीमान समक्ष पेश गरेकोमा श्रीमानको आदेश बमोजिम मिति २०८१/०२/१६ को नीति निर्माण समितिको बैठकमा पेश हुदाँ प्राप्त सुझाव समेटी अवकाश प्राप्त प्रहरी र पूर्व प्रहरी (उपदान लिई राजिनामा गएका) कर्मचारीको लागि छुट्टा छुट्टै परिचय पत्र र परिचय पत्र प्राप्त गर्न पेश गर्नुपर्ने निवेदन फारमको ढाँचा तयार गरी पेश गरेका छौं। श्रीमानको जो आदेश ।

प्रतिवेदकहरु:


१। प्र.व.उ. शिद्धी विक्रम शाह — ने.प्र.प्र.का.सुरक्षा सेवा व्यवस्थापन महाशाखा,नक्साल - संयोजक

२। प्र.उ. मनिष राज सापकोटा — ने.प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय - सदस्य

३। प्र.नि. ईश्वर राउत — ने.प्र.प्र.का. आ.प्र. तथा प्रबन्ध निर्देशनालय - सदस्य

४। प्र.नि. सुष्मा कटेल — ने.प्र.प्र.का. कल्याण महाशाखा - सदस्य

५। प्र.व.ना.नि. अर्जुन श्रेष्ठ — ने.प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय - सदस्य-सचिव

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन : ०१-४४१२४३२, ०१-४४१२७३७
Ext. : ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५१३

पो.ब.नं. ४०७
नक्साल, काठमाडौं

पत्र संख्या: १-०१-२५ (०८०/०८१) च.नं.:- १३२२

प्रा.प.सं. :

मिति: २०८०।१०।२५ गते
ने.सं. ११४४ पोहेलागा, १३ बिहीवार

विषय: <u>समिति गठन गरिएको सम्वन्धमा।</u>

**प्र.व.उ. श्री शिद्धी विक्रम शाह,**
**<u>ने.प्र.प्र.का. सुरक्षा सेवा व्यवस्थापन महाशाखा।</u>**

उपर्युक्त विषयमा "पूर्व प्रहरी कर्मचारीको परिचय पत्र वितरण सम्बन्धी कार्यादेश, २०७९" को अधीनमा रही अवकाश प्राप्त नेपाल प्रहरीको पूर्व कर्मचारीको हैसियतमा वितरण भएका पूर्व प्रहरी कर्मचारी परिचय पत्रलाई आकर्षक, अधिकतम व्यक्तिगत सूचनायूक्त, सम्मानयूक्त एवं समयानुकूल बनाउनको लागि मुलुकभित्रका अन्य सुरक्षा निकायहरुबाट वितरित परिचयपत्रहरूका विशेषता (Features) समेतलाई गहन रूपमा अध्ययन मनन् गरी अब तयार हुने नेपाल प्रहरीको पूर्व प्रहरी कर्मचारीहरूको परिचय पत्र वितरण सम्बन्धी कार्यादेश, २०७९ बमोजिमको परिचय पत्रलाई आवश्यक परिमार्जन गरी प्रतिवेदन पेश गर्न तपाईको संयोजकत्वमा तपसिल बमोजिमका प्रहरी अधिकृत सम्मिलित समिति गठन गरिएको छ। तोकिएको जिम्मेवारी यथाशीघ्र सम्पन्न गरी प्रतिवेदन पेश गर्नुहुन अनुरोध गरिएको छ।

**<u>तपसिल:</u>**

| | | | | |
|---|---|---|---|---|
| १. | प्र.उ. | श्री मनिष राज सापकोटा | ने.प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय | - सदस्य |
| २. | प्र.नि. | श्री ईश्वर राउत | ने.प्र.प्र.का. आ.प्र. तथा प्रबन्ध निर्देशनालय | - सदस्य |
| ३. | प्र.नि. | श्री सुष्मा कठेत | ने.प्र.प्र.का. कल्याण महाशाखा | - सदस्य |
| ४. | प्र.व.ना.नि. | श्री अर्जुन श्रेष्ठ | ने.प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय | - सदस्य सचिव |

प्रहरी महानिरीक्षक
(बसन्त बहादुर कुँवर)

**<u>बोधार्थ:</u>**
श्री नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, अन्वेषण योजना तथा विकास निर्देशनालय।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालय।
श्री नेपाल प्रहरी प्रधान कार्यालय, कल्याण महाशाखा।

## पृष्ठभुमि:

नेपाल प्रहरीमा सेवा गरी स्वभाविक तवरबाट अवकाश भई वा राजिनामा दिई सेवा मुक्त हुनु भएका प्रहरी कर्मचारी (गयल खाली र कारवाहीमा परी बर्खास्त भएका बाहेक) लाई काम विशेषले प्रहरी कार्यालयहरुमा आउँदा प्रवेश सहज र सजिलो हुन सकोस तथा पूर्व प्रहरीको पहिचान समेत खुलोस भन्नका लागि परिचय-पत्र उपलब्ध गराउन र यस कार्यलाई व्यवस्थित र नियमित गर्नु वाञ्छनिय भएकाले यो कार्यादेश निर्माण गरी लागू गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u>

क) यस कार्यादेशको नाम पूर्व प्रहरी कर्मचारीको परिचय-पत्र वितरण सम्बन्धी कार्यादेश, २०७९ रहनेछ।

ख) यो कार्यादेश Policy co-ordination committee (PCC) को निर्णय पश्चात प्रारम्भ हुनेछ।

२. <u>रेखदेख, नियन्त्रण र समन्वय:</u>

पूर्व प्रहरी कर्मचारीबाट निवेदन प्राप्त गर्ने, परिचय-पत्र निर्माण गर्ने एवं परिचय-पत्र वितरण र अभिलेखिकरण गर्ने लगायतका सम्पूर्ण कार्यको रेखदेख, नियन्त्रण र समन्वय प्र.प्र.का. प्रशासन विभागले गर्नेछ।

## परिच्छेद -२
## उदेश्य

३. पूर्व प्रहरी कर्मचारीलाई पहिचान स्वरुप परिचय-पत्र वितरण गर्ने।

४. परिचय-पत्र वितरण कार्यलाई व्यचस्थित र नियमित गर्ने।

५. वितरित परिचय-पत्रको दुरुस्त अभिलेख राख्ने।

## परिच्छेद - ३

## वितरण गर्ने कार्यविधि

६. परिचय-पत्र वितरण सम्बन्धमा सम्बन्धित सबैलाई विभिन्न माध्यमद्वारा जानकारी गराइने छ। आ-आफ्नो इलाकामा रहेका पूर्व प्रहरी कर्मचारीलाई जानकारी गराई कम्तिमा जि.प्र.का. मार्फत निवेदन बढाउन सबै प्रहरी कार्यालयहरुलाई परिपत्र समेत गरिनेछ र आवश्यकतानुसार पूर्व प्रहरी संगठन समेतसँग सहयोग लिन सकिनेछ।

७. नेपाल प्रहरीमा सेवा गरी स्वभाविक तवरबाट अवकास भई वा राजिनामा दिई सेवा मुक्त हुनु भएका इच्छुक प्रहरी कर्मचारी (गयल खाली, कारवाहीमा परी बर्खास्तमा परेका बाहेक) को परिचय-पत्र बनाउन आवश्यक पत्र साथ निवेदन पर्न आएमा त्यस्ता प्रहरी कर्मचारीलाई परिचय-पत्र निःशुल्क उपलब्ध गराइने छ।

८. परिचय-पत्र प्राप्त गर्न इच्छुक पूर्व प्रहरी कर्मचारीले सिधै प्र.प्र.का. प्रशासन शाखामा उपस्थित भई वा आफूलाई पायक पर्ने कम्तिमा जिल्ला प्रहरी कार्यालयसम्मको प्रहरी कार्यालयमा आफ्नो कागजात सहितको निवेदन दिन सक्ने छन्। यसरी जिल्ला प्रहरी कार्यालयमा प्राप्त निवेदन प्र.प्र.का. प्रशासन शाखामा पठाउनु पर्नेछ ।

९. प्रहरी प्रधान कार्यालय, प्रशासन शाखामा सिधै वा मातहत कार्यालयबाट निवेदन प्राप्त भए पश्चात् आवश्यक प्रकृया पुरा गरी प्र.प्र.का. प्रशासन शाखाले तोकिएको ढाँचामा परिचय-पत्र उपलब्ध गराउने छ र वितरित परिचय-पत्रको अभिलेखिकरण समेत गर्ने छ ।

१०. अर्को व्यवस्था नभएसम्मका लागि प्रशासन शाखाले उपलब्ध गराएको अभिलेखका आधारमा प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय ID Card शाखाले परिचय-पत्र बनाई वितरणका लागि प्र.प्र.का. प्रशासन शाखामा पठाउने छ।

११. प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय ID Card शाखाले तोकिएको ढाँचा र प्रहरी कर्मचारी (हाल सि.प्र.अ.) लाई वितरण हुने परिचय-पत्रको तरिका बमोजिम र आकारमा Plastic Card परिचय-पत्र बनाउने छ र सो को लागत खर्च प्र.प्र.का. कल्याण शाखाबाट उपलब्ध हुने छ ।

१२. हालसम्म अवकाश प्राप्त भई सकेका पूर्व प्रहरी कर्मचारीहरुको अभिलेखको सम्बन्धमा प्र.प्र.का. प्रशासन शाखा वा सम्बन्धित कार्यालयले माग गरेमा प्र.प्र.का. क.प्र. शाखाले उपलब्ध गराउने छ।

१३. परिचय-पत्र र रजिष्टरमा राख्नको लागि (दुई कान र अनुहार स्पष्ट देखिने) सोभनिय पासपोर्ट साईजको फोटो २ (दुई) प्रति हुनु पर्नेछ।

१४. परिचय-पत्रमा विशिष्ट श्रेणीमा सेवा निवृत हुनु भएका प्रहरी कर्मचारीहरुको परिचय-पत्रमा प्रहरी महानिरिक्षकले, प्रथम श्रेणीमा सेवा निवृत हुनु भएका प्रहरी कर्मचारीहरुको परिचय-पत्रमा प्र.प्र.का. प्रशासन विभागका प्रहरी अतिरिक्त महानिरिक्षले र अन्य दर्जामा सेवा निवृत हुनु भएका पूर्व प्रहरी कर्मचारीहरुको परिचय-पत्रको हकमा प्र.प्र.का. प्रशासन महाशाखाका प्रमुख (प्रहरी वरिष्ठ उपरीक्षक) को दस्तखत हुनेछ।

१५. परिचय पत्र हराएमा, भाँचिएमा वा अन्य कुनै कारणले पुन: बनाउनु परेमा प्र.प्र.का. कल्याण शाखाबाट तोकिए बमोजिमको दस्तुर बुझाएको प्रमाण लिएर मात्र प्रशासन शाखाले तयार भएको परिचय-पत्र वितरण गर्नेछ ।

## परिच्छेद - ४

## विविध

१६. यसरी वितरण गरिने परिचय-पत्र, परिचय-पत्र वाहक नेपाल प्रहरीको पूर्व सदस्य रहेको प्रमाणका रुपमा मात्र रहनेछ र पूर्व प्रहरी कर्मचारीसँग सम्बन्ध / सम्पर्क बनाई राख्ने तहमा प्रहरी कार्यालय प्रयोजनका लागि मात्र हुनेछ।

१७. परिचय खुलाउने प्रयोजनको लागि जरुरी भएको यस्तो परिचय-पत्रको कुनै कानूनी तथा सांगठनिक दायित्व रहने छैन।

१८. परिचय-पत्र दुरुपयोग भएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही हुने र त्यस्तो कार्य गरेको खण्डमा परिचय-पत्र जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।

१९. परिचय-पत्र बाहकको मृत्यू भएमा निजको परिवारका अन्य सदस्यले नजिकको प्रहरी कार्यालयमा परिचय-पत्र बुझाउनु पर्नेछ, उक्त परिचय-पत्र प्र.प्र.का. प्रशासन विभागमा फिर्ता गर्नु सम्बन्धित कार्यालयको दायित्व हुनेछ।

२०. निवेदन फारमको ढाँचा अनुसूचि १ बमोजिमको हुनेछ।

२१. परिचय-पत्रको स्वीकृत नमुना अनुसूचि २ बमोजिमको हुनेछ। साथै, उक्त नमूनाको Computer Soft Copy प्र.प्र.का. प्र.म.नि. को सचिवालयले प्र.प्र.का. सूचना प्रविधि निर्देशनालय, प्र.प्र.का. प्रशासन र कल्याण शाखालाई उपलब्ध गराउने छ।

अनुसूची-१

परिचय पत्र प्राप्त गर्न पेश गर्नुपर्ने निवेदन फारमको ढाँचा

दर्ता नं. : .......................

मितिः- २०...../....../ ......गते

**श्री नेपाल प्रहरी प्रधान कार्यालय,**

**प्रशासन शाखा, नक्साल ।**

**मार्फत ...................................................... कार्यालय, .......................................।**

**विषयः- परिचय पत्र उपलब्ध गराई पाउँ ।**

महोदय, .......................................को नाति/नातिनी ....................................... को छोरा/छोरी .......................... जिल्ला...............................................न.पा. / गा.पा, वडा नं. ......... वतन भई हाल ............................जिल्ला..............................................न.पा. / गा.पा, वडा नं. ......... मा बस्ने वर्ष ......... को म निवेदक / निवेदिका ................................. नेपाल प्रहरीमा मिति ....................................मा प्र. ......... पदमा भर्ना भई ......... वर्ष कार्यरत रही ................................................. कार्यालयको मिति ......................... को पत्रले प्र. .............. दर्जाबाट नोकरी अवकाश / राजिनामा भई आएको हुँदा "पूर्व प्रहरी परिचय-पत्र" उपलब्ध गराई दिन हुन निम्न कागजात यसै निवेदन साथ संलग्न राखी पेश गरेको छु।

निम्नः

१. नोकरी राजीनामा वा अवकाश पत्रको प्रतिलिपी - थान १
२. पेनसन पट्टाको पहिलो पानाको प्रतिलिपी (पेनसनको हकमा) - थान १
३. राष्ट्रिय किताबखानाको उपदान पत्रको प्रतिलिपी (उपदानको हकमा) - थान १
४. नागरिकता प्रमाण-पत्रको प्रतिलिपी - थान १
५. पासपोर्ट साइजको फोटो (पृष्ठभुमी सेतो भएको) - थान १
६. सवारी चालक अनुमति पत्र नं: : ...........................................................
७. स्थायी लेखा नं: : ...........................................................
८. राष्ट्रिय परिचय पत्र नं: : ...........................................................
९. अँग्रेजिमा नाम : ...........................................................
१०. PMIS NO. (कम्प्युटर कोड) : ...........................................................
११. रक्त समुह : ...........................................................
१२. जन्म मिति (वि.सं.) : ...........................................................
१३. पेन्सन पट्टा नं. : ...........................................................
१४. सेवा अवधि : ...........................................................
१५. नागरिकता नं. र जारी जिल्ला : ...........................................................

निवेदक

नाम, थर :- ...........................................................

दस्तखत :-


सम्पर्क फोन / मोबाईल नं. :- ...........................................

Email Add:- ...........................................................


अनुसूची-२ खण्ड (क)

अवकाश प्राप्त कर्मचारीहरुको लागि प्रस्तावित परिचय पत्रको नमूना

अगाडी





पछाडी



अनुसूची-२ खण्ड (ख)

पूर्व प्रहरी (उपदान लिई राजिनामा गएका) कर्मचारीको लागि प्रस्तावित परिचय पत्रको नमूना

अगाडी




पछाडी

